# भाग ३

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**संवत् २०८३ सालको (गठन) आदेश (नेराप) नम्बर १०**

**नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन)**

**(दोस्रो संशोधन) आदेश, २०८३**

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ को दफा २ मा संशोधन**: नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) मा रहेको "कार्यकारी" भन्ने शब्द झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ख) को ठाउँ ठाउँमा रहेका "कार्यालय प्रबन्धक" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल आदेशको दफा ३ मा संशोधन** : मूल आदेशको दफा ३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहनेछन् :-

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष -अध्यक्ष

(ख) राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य -सदस्य

(ग) त्रिभुवन विश्वविद्यालयको उपकुलपति -सदस्य

(घ) अध्ययन, अनुसन्धानमा संलग्न विज्ञहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य"

(२) उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिम सदस्य नियुक्ति गर्दा" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (घ) बमोजिम सदस्य मनोनयन गर्दा" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (४) मा रहेका "उपदफा (२) बमोजिम नियुक्त" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (५) मा रहेका "कुनै सदस्यको" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (६) मा रहेका "कार्यालय प्रबन्धकले" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशकले" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>मूल आदेशको दफा ४ मा संशोधन</u>** : मूल आदेशको दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "सदस्य पदमा नियुक्ति" भन्ने शब्दहरूको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्य पदमा मनोनीत" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "सदस्य पदमा नियुक्त" भन्ने शब्दहरूको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्य पदमा मनोनीत" भन्ने शब्दहरू राखिएका छन्।

५. **<u>मूल आदेशको दफा ५ मा संशोधन</u>** : मूल आदेशको दफा ५ को,-

(१) उपदफा (१) मा रहेको "सदस्यको" भन्ने शब्दको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (घ)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम मनोनीत सदस्यको" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) मा रहेको "नियुक्ति" भन्ने शब्दको सट्टा "मनोनीत" भन्ने शब्द राखिएको छ।

६. **मूल आदेशको दफा ७ मा संशोधन** : मूल आदेशको दफा ७ को,-

(१) उपदफा (२) मा रहेका "कार्यालय प्रबन्धकले" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशकले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (४) मा रहेका "उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको" भन्ने शब्दहरूको सट्टा "अध्यक्षले तोकेको कुनै" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (६) मा रहेका "वरिष्ठ अधिकृत" भन्ने शब्दहरूको सट्टा "सचिव वा अन्य वरिष्ठ अधिकृत" भन्ने शब्दहरू राखिएका छन्।

७. **मूल आदेशको दफा ८ मा संशोधन** : मूल आदेशको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

"**८. कार्यकारी निर्देशक** : (१) समितिको कार्यालय सञ्चालन र व्यवस्थापन गर्न र समितिको कार्यसम्पादनमा अध्यक्ष तथा समितिका सदस्यलाई सहयोग गर्न अर्थशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, वाणिज्यशास्त्र, इतिहास, संस्कृति, भूगोल, कानून वा अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएका व्यक्तिहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्येबाट समितिले एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(२) कार्यकारी निर्देशकको छनोट विधि तथा नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नहुँदासम्मको लागि यो आदेश जारी हुनुअघि कार्यरत कार्यालय प्रबन्धकले कार्यकारी निर्देशकको रूपमा काम गर्नेछ।

(४) कार्यकारी निर्देशकको पदावधि तीन वर्षको हुनेछ र निज पुनः एकपटक नियुक्त हुन सक्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा समितिले निजको पदावधि पूरा नहुँदै पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौकाबाट वञ्चित गरिनेछैन।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका सर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ।

(७) अध्यक्षको निर्देशनमा कार्यालयको व्यवस्थापन र समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी कार्यकारी निर्देशकको हुनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **मूल आदेशको दफा ९ मा संशोधन :** मूल आदेशको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

"९. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार :** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकार अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको समग्र व्यवस्थापन, सञ्चालन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिमा पेस गर्ने,

(ग) दफा १७ बमोजिम कायम गरिएको विशेषज्ञको सूची (रोष्टर) अद्यावधिक गर्ने,

(घ) प्रतिष्ठानको अध्ययन वा अनुसन्धान गर्ने विषयको छनोट गरी त्यसको कार्य क्षेत्रगत सर्त (टर्म्स अफ रेफरेन्स) सहित समितिमा पेस गर्न लगाउने,

(ङ) प्रतिष्ठानको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारबाहीको सुपरिवेक्षण गरी आवश्यकताअनुसार निर्देशन दिने,

(च) स्वदेशी तथा विदेशी विश्वविद्यालय वा सङ्घ, संस्थासँग सम्पर्क राख्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कुनै अध्ययन, अनुसन्धान वा शोध गर्ने अध्येता, अनुसन्धानकर्ता वा शोधकर्ताको प्रस्ताव स्वीकृत गर्ने, र

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।"

**९.** **मूल आदेशको दफा ९क. मा संशोधन** : मूल आदेशको दफा ९क. को उपदफा (२) को खण्ड (ख) मा रहेको "अध्यक्षलाई" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशकलाई" भन्ने शब्दहरू राखिएका छन्।

**१०.** **मूल आदेशको दफा १४ मा संशोधन** : मूल आदेशको दफा १४ को उपदफा (७) मा रहेको "अध्यक्ष" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन्।

**११.** **मूल आदेशको दफा २३ मा संशोधन** : मूल आदेशको दफा २३ मा रहेका "कार्यालय प्रबन्धक" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन्।

**१२.** **खारेजी** : मूल आदेशको दफा ११ खारेज गरिएको छ।

**आज्ञाले,**
**पुष्कर सापकोटा**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।